# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७६।०२।०५ गते

# प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

---

श्री प्राथमिक विद्यालय, फतुहा महेशपुर-५, रौतहटमा शिक्षक पदमा कार्यरत आरती कुमारी मल्लिकले झुट्टा शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरी नियुक्ति लिएको भन्ने समेत व्यहोराको उजुरी सम्बन्धमा अनुसन्धान हुँदा निज शिक्षक आरती कुमारी मल्लिकले शिक्षक पदमा नियुक्ति पाउन र सेवा प्रवेश पश्चात सरकारी लाभ लिने मनसायले Bihar School Examination Board, Patna बाट प्राप्त गरेको हाइस्कुल तहको झुट्टा/नक्कली शैक्षिक प्रमाणपत्र पेश गरी शिक्षक पदमा नियुक्ति भई लाभ तथा सुविधा समेत लिई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको कसुर गरेको पुष्टि हुन आएको हुँदा निज शिक्षक आरती कुमारी मल्लिकलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र दफा २९ को उपदफा (२) तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता